नियम नं. ७

# बाहदशी गाउँपालिका

# चकचकी ,झापा

# उपभोक्ता समिति मार्फत आयोजना संचालन गर्दा अपनाइने आन्तरिक कार्यविधि

२०७४

कार्यपालिकाबाट स्वीकृत २०७४।९।१४

बाह्रदशी गाउँपालिका चकचकी ,झापा

उपभोक्ता समिति मार्फत आयोजना संचालन गर्दा अपनाइने आन्तरिक कार्यविधि २०७४

# कार्यपालिकाबाट स्वीकृत २०७४।९।१४

बाहदशी गाउँपालिका झापाले स्वीकृत कार्यक्रममा परेका केन्द्रीय तथा प्रदेश सरकारको अनुदान तथा गा.पाको आफनो श्रोतबाट संचालन गर्ने योजनाहरु समेत उपभोक्ता समिति मार्फत संचालन गर्न प्राथमिकता दिदै आएको छ । उपभोक्ता समिति मार्फत संचालन हुदै आएका आयोजनाहरुमा पर्याप्त मात्रामा जनसहभागिता हुनाको साथै यसरी संचालन गरिएका आयोजनाहरुमा उपभोक्ताहरुको आत्मीयता समेत बढी भएको पाइएको छ। उपभोक्ता समिति मार्फत संचालन हुदै आएका आयोजना संचालन गर्ने सम्बन्धमा ऐन,नियम तथा निर्देशिकाहरुमा भएका व्यवस्था तथा आयोनामा राख्नु पर्ने गुणस्तर र पारदर्शिता सम्बन्धी कुरालाई नियमित गर्ने प्रकिया तथा कार्य विधिका विषयमा उपभोक्ता समितिको धारणा , जनप्रतिनिधिहरुका धारणा र कर्मचारीको धारणामा फरक पर्ने कतिपय अवस्थामा दोहोरो कार्य हुन गै समय खेरजाने समेत भएको छ । तसर्थ उपभोक्ता समिति मार्फत अपनाउनु पर्ने कार्य विधिलाई सरलिकृत गदै यस्ता कार्य विधिका विषयमा कार्यालयमा कार्यरत कर्मचारी ,जनप्रतिनिधिहरु तथा योजना संचालन प्रक्रियामा संलग्न उपभोक्ता समिति बिच एउटै सुचना प्रवाह भै असमझदारीको वातावरण सृजना नहोस ,कार्य संचालनमा पारदर्शिता रहोस,स्पष्ट जवाफदेहीताको वातावरण बनोस,कार्यमा पुर्णता कायम पुर्णता कायम होस भन्ने उद्देश्यका साथ विधमान ऐन नियम निर्देशिकामा भएका प्रवाधान तथा असल परम्परालाई समेत समावेश गरेर यो कार्य विधि तयार गरिएको छ ।

यो कार्यविधि बाहदशी गा.पा र उपभोक्ता समिति बिच आयोजना संचालन सम्बन्धमा हुने सम्झौताको अभिन्न अंग हुनेछ । यसको पालना गनु योजना संचालन प्रक्रियाको विभिन्न चरणमा संलग्न हुने गा.पाका कर्मचारी, गा.पाबाट खटिने प्राविधिक तथा उपभोक्ता समितिका पदाधिकारीहरु तथा जनप्रतिनिधिहरुको कर्तव्य हुनेछ ।

## उपभोक्ता समिति गठन प्रकिया

(१) गाउँपालिकाबाट योजना स्वीकृत भईसकेपछि आथिक वर्षको प्रारम्भभै वडा कार्यालय मार्फत योजना स्वीकृत भएको जानकारी आम उपभोक्ता सपक्ष पर्‍याईनेछ ।

(२) योजना स्वीकृत भएको जानकारी भएपछि योजनाबाट प्रत्यक्ष लाभ पाउने आम उपभोक्ताहरुको भेला गराई वडाका पदाधिकारीहरुको रोहबरमा निम्न विषयलाई समेत विचार गरी उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

- उपभोक्ता समितिमा कम्तिमा ७ सदस्य रहनु पर्नेछ ।
- सम्पुर्ण सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनु पर्नेछ ।
- समितिमा दलित,आदिवासी जनजाति र पिछडिएको वर्गलाई अनिवार्य समावेश गर्नुपर्ने छ । यदि सम्वन्धित समुदायमा दलित,आदिवासी जनजाति र पिछडिएको वर्ग नभएमा अनिवार्य हुने छैन ।
- समितिको अध्यक्ष , सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जिम्मेवार पदमा महिलालाई अनिवार्यरुपमा  समावेश गर्नुपर्ने छ ।

- उपभोक्ताहरुको आम भेलाबाटै उपभोक्ता समिति गठनसँगै न्युनतम तीन सदस्य अनुगमन समिति समेत गठन गर्नु पर्नेछ ।
- अनुगमन समितिमा न्युनतम एक जना महिला हुनु पर्नेछ ।
- दुई भन्दा बढी वडा तथा गा.पाका उपभोक्ताको लाभान्वित हुने आयोजनाको हकमा लाभान्वित सबै वडा तथा गा.पाका उपभोक्ताको प्रतिनिधित्व हुने गरि भेला आयोजना गनुपर्ने र उपभोक्ता समितिमा सबै वडा /गा.पाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(३) उपभोक्ता समिति गठन भएपछि सोको जानकारी वडा कार्यालय मार्फत गा.पामा पठाउनु पर्नेछ ।

(४) निर्माण कार्य संचालन भैरहेको समयमा र कार्य सम्पन्न पश्चात समय समयमा मर्मत गर्नुपर्ने भएमा नियमित ( कम्तिमा महिनाको एक पटक) रुपमा समितिको बैठक बस्नुपर्ने ।

(५) एक लाख भन्दा बढीका आयोजना संचालन गर्दा अध्यक्ष सचिव वा कोषाध्यक्ष मध्ये कुनै ३ जनाको दस्तखतबाट खाता संचालन हुने गरी स्थानिय पायक पर्ने बैकमा खाता खोल्नु पर्नेछ ।

**योजना सम्झौता प्रकिया**

(१)उपभोक्ता समितिले आयोजना संचालन सम्झौता गर्नु अधि समितिको बैठक बसी निम्न निर्णय गर्नु पर्नेछ ।

- सडक ग्राभेल गर्ने काममा न्युनतम १५% र पुल स्लाभ कल्भर्ड,भवन निर्माण कालो पत्रे आदिमा न्युनतम १0% (आपसी सहमती ) जनसहभागीता हुनुपर्ने छ ।
- योजना संचालनको विभिन्न चरणमा कसरी गा.पा/वडामा सम्पर्क राख्ने अधिकारीक पदाधिकारी तोक्ने ।

(२) माथि बुदा नं १ मा भएको व्यवस्था बमोजिम समितिले निर्णय गरिसके पछि समितिले तोकेको आधिकारीक पदाधिकारीले सो समितिका सबैको नागरिकताको प्रतिलिपि सहित सम्झौताको लागि गाउँपालिका/वडामा निवेदन दिनु पर्नेछ ।

(३) प्राविधिक यन्त्र उपकरणहरु समेत प्रयोग गनु पर्ने ठुला प्रकृतिका योजनाहरुको संचालन सम्बन्धमा त्यस्ता उपकरणहरु उपभोक्ता समितिलाई उपलब्ध हुन सक्ने किसीमको प्रमाणित कागजात समेत पेश गर्नु गर्नेछ ।

(४) यसरी निवेदन प्राप्त भएपछि गाऊँपालिका बाट खटिने प्राविधिकबाट उपभोक्ता समितिको रोहबरमा आयोजनाको विस्तृत ड्रइङ,डिजाइन तथा लागत अनुमान तयार गरिनेछ । एकपटक तयार भएको ड्रइङ, डिजाईन तथा लागत अनुमान कुनै ईन्जिनियरिङ कारणबाहेक परिवर्तन हुने छैन ।

(५) सम्झौता गर्न आउदा योजनाको हालै खिचेको कम्तीमा एक प्रति फोटो आवश्यक छ ।

(६) लागत अनुमान तयार भएपछि उपभोक्ता समितिको आधिकारीक प्रतिनिधि र गा.पा/वडा कार्यालय बिच अनुसुची (क) बमोजिमको सम्झौता गरिनेछ ।

(७) समितिको आधिकारीक प्रतिनिधि र गा.पा /वडा कार्यालयबिच भएको सम्भौता र लागत अनुमानको एक एक प्रति उपभोक्ता समितिले राख्नु पर्नेछ ।

**आयोजना निर्माण प्रकिया**

(१) सम्भौता गा.पा /वडा कार्यालयबाट प्राप्त कार्यादेश र लागत अनुमान प्राप्त भएपछि प्राविधिकसंग परामर्श गरी उक्त कागजात प्राप्त भएको ३ दिन भित्र उपभोक्ता समितिले कार्य प्रारम्भ गनुपर्नेछ ।

(२) उपभोक्ता समितिले कार्य प्रारम्भ गर्नु अधि सम्भौतामा उल्लेख भएको समयावधि भित्र कार्य सम्पन्न हुन सक्ने गरी कार्य योजना तयार गर्नु पर्नेछ ।त्यस्तो कार्ययोजनाको एक प्रति सम्वन्धित प्राविधिक र गा.पा/वडा लाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपभोक्ता समितिले गा.पाबाट खटिने प्राविधिकको प्रत्यक्ष रेखदेखमा स्वीकृत भएको ड्रइङ,डिजाइन तथा ल.ई अनुसार कार्य गर्नु पर्नेछ ।

(४) स्वीकृत ल.ई मा कुनै परिवर्तन र्गनु परेमा कुल लागतमा परिवर्तन नहुने गरी प्राविधिकको सिफारीसमा गा.पाको पुर्व स्वीकृती लिएर मात्र कार्य अगाडि बढाउनु सकिनेछ ।

(५) निर्माण कार्य संचालन गर्दा त्यसका लागि कायम गर्नु पर्ने गुणस्तरका विषयमा उपभोक्ता समितिबाट पुर्ण रुपमा अनुगमन गरी गुणस्तर कायम गर्नु पर्नेछ ।

(६) निमार्ण सामाग्रीको गुणस्तर कायम गर्न प्राविधिकले कुनै प्रकारको प्रयोगशाला परीक्षण गर्नु पर्ने ठहराएमा वा उपभोक्ता समितिलाई त्यस्तो लागेमा सो कार्य समेत उपभोक्ता समितिले गर्ने प्रबन्ध गर्नु पर्नेछ । गुणस्तरहिन भनि प्राविधिकबाट अस्विकृत गरिएको निमार्ण सामाग्री प्रयोग गर्न पाइने छैन । जर्बजस्ती त्यस्तो सामाग्री प्रयोग भएमा मुल्याङकनमा समावेश गरिने छैन ।

**रकम भुक्तानी सम्बन्धी प्रकिया**

(१) योजना सम्भौता भईसकेपछि रु. १,००,०००।- भन्दा माथिका योजना संग सम्बन्धित आथिक कारोबार संचालन गर्नका लागि उपभोक्ता समितिले आफनो नाममा बैकमा छुटै खाता खोल्नु पर्नेछ। खातामा जम्मा हुने गरी बाहेक गा.पाले समितिलाई कुनै रकम उपलब्ध गराउने छैन ।

(२) उपभोक्ता समितिलाई विशेष अवस्थामा बाहेक कार्य प्रारम्भ नगरी कुनैपनि पेश्की उपलब्ध गराईने छैन ।

(३) कुल लागत रकम मध्ये मुल्यांकनका आधारमा बढीमा तीन किस्तामा विनियोजित रकम उपलब्ध गराईनेछ ।

(४) किस्ता रकम भुक्तानी लिन उपभोक्ता समितिले खर्चको विवरण प्रमाणित गरी सो विवरण र प्राविधिकबाट भएको मुल्याकन पेश गर्नु पर्नेछ ।

(५) रकम माग गर्दा उपभोक्ताले पेश गर्ने बिल रु २०,०००।-भन्दा बढीको VAT दर्ता र सो मुनी PAN दर्ता भएको हुनुपर्नेछ ।

(६)अन्तिम किस्ता रकम माग गर्दा कार्य सम्पन्न प्रतिवेदन र वडा समितिको निर्णय र सिफारीस समेत पेश गर्नुपर्नेछ । साथै सम्पन्न योजनाको कम्तीमा १ प्रति फोटो पेश गर्नु पर्नेछ ।

(७) माथि उल्लेखित सम्पुण रितपुर्वक कागजातहरु पेश भएको अवस्थामा विशेष कारणले बाहेक गा.पाले तीन दिनभित्र उपभोक्ता समितिलाई रकम उपलब्ध गराउनेछ ।

(८) मुल्याकन बमोजिमको रकम भुक्तानी लिदा जनसहभागीताको वापतको अंश कटाएर मात्र भुक्तानी दिईनेछ ।

(९) गा.पा बोर्डबाट निर्णय भएको अवस्थामा बाहेक स्वीकृत विनियोजन भन्दा बढी रकम भुक्तानी दिईने छैन ।

**गा.पा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन बाध्य नहुने अवस्था**

(१) नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट संचालन हुने योजनाको हकमा त्यस्तो रकम निकासा नभएमा ।

(२) सम्झौतामा तोकिएको समयावधिभित्र कार्य सम्पन्न नभएमा ।

(३) स्वीकृत ल.ई तथा तोकिएको गुणस्तर बमोजिम कार्य सम्पन्न नभएमा ।

(४)स्वीकृत विनियोजन भन्दा बढी खर्च भएको रकम ।

(५) सम्झौता र यस कार्य विधिमा उपभोक्ता समितिले पालना गर्नुपर्ने भनि किटानी गरिएका कर्तव्यहरु उपभोक्ता समितिबाट पालना नभएको अवस्थामा ।

**आयोजनाको मर्मत संभार :**

(१) आयोजना सम्पन्न प्रश्चात त्यसलाई दिगो रुपमा संचालन गर्न मर्मत सम्भार कोष स्थापना गरि नियमित र आवधिक मर्मत गर्नुपर्नेछ । यसरी स्थापित कोषमा आवश्यक रकम जुटाउन सेवाग्राहीबाट शुल्क लिने तथा अन्य निकायबाट सहयोग लिन सकिनेछ ।

(२) आयोजना सम्पन्न भए पश्चात गा.पाका प्राविधिकको सहयोगमा मर्मत सम्भार कार्ययोजना तयार गरी सोही अनुरुप मर्मत सम्भार कार्य जारी राख्नु पर्नेछ ।

(३) उपभोक्ता समितिले नै मर्मत संभार समितिको कार्य गर्न सक्नेछ वा अर्को समिति बनाउन सक्नेछ । मर्मत संभार कोषको बैक खाता हुनुपर्नेछ ।उपभोक्ता समितिले नै मर्मत संभार समितिको कार्य गरेको हकमा पुर्व संचालन गर्दैआएको खातालाई नै प्रयोजनमा ल्याउन सकिनेछ ।

**उपभोक्ता समितिको दायित्व :**

(१) सम्झौता बमोजिम काम उपभोक्ता समिति स्वयंले अमानतबाट संचालन गर्नु पर्नेछ । त्यसका लागि ठेकदार नियुक्ति गर्न पाईने छैन ।

(२) काममा तोकिएको गुणस्तर कायम गर्न उपभोक्ता समितिले पुरा ध्यान दिनु पर्नेछ ।

(३) आफनो आथिक कारोबारलाई पुर्ण पारदर्शी बनाउनु पर्नेछ । यसका लागि योजनाबाट प्रत्यक्ष लाभ पाउने जुनसुकै उपभोक्ताले सुचना मागेमा सोको सुचना दिनु पर्नेछ ।

(४) कार्यालयबाट खटिएका प्राविधिकले दिएको निर्देशन तथा गा.पा तथा वडा कार्यालयबाट समय समय हुने अनुगमनबाट दिएका सुझावहरुको पालना गर्नु पर्नेछ । प्राविधिकको लिखित आदेश विना लागत अनुमान तथा डिजाइन भएका विवरण थपघट वा परिवर्तन गर्न पाइने छैन । त्यस्तो कार्य भएमा मुल्याकनमा समावेश गरिने छैन ।

(५)खर्च भएको रकमको बिल भरपाई र आय व्ययको हिसाब समितिमा सुरक्षित राखी सोको विवरण समितिबाट प्रमाणि गराई भएको प्रगति सहितको विवरण गा.पा/वडामा पेश गर्नु पर्नेछ ।

(६) योजनाको कार्य प्रारम्भ हुनु अगावै सबैले देख्ने ठाउँमा अनुसुची (ङ) को ढाँचामा योजना सम्बन्धी विवरण भएको सुचना टाँस गर्नु पर्नेछ । तर रु ३ लाख र सो भन्दा बढी लागतका आयोजनाहरुको हकमा भने योजना स्थलमा अनुसुची (ङ) को ढाँचामा होडिङ बोर्ड राख्नु पर्नेछ ।

(७) निर्माण कार्य गर्दा यथासक्य स्थानीय श्रोत साधन र श्रमको प्रयोगमा जोड दिनु पर्नेछ ।भारी यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरिनु पर्नेछ ।

(८) १४ वर्ष मुनिका बालबालिका लाई श्रमिकको रुपमा प्रयोग नगर्ने ।

(९) वडा र गा.पाबाट अनुगमन गर्न आउदा आवश्यक सहयोग गर्नुपर्नेछ । स्थानीय तह सरकारी निकाय तथा गैसस संग समन्वय गरी श्रोत परिचालन गर्ने ।

(१०) कम्तिमा ७५ प्रतिशत श्रमिक सम्बन्धित परियोजनाबाट लाभान्भित समुदायबाट हुनुपर्नेछ र परियोजनामा स्थानीय श्रोत साधनहरुको अधिकतम परिचालन गनुपर्नेछ ।

(११) सम्झौतामा उल्लेख गरे बमोजिम आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको अधिकतम जन श्रमदान जुटाउने ।

(१२)सम्झौतामा तोकिएको भ्याद भित्र कार्यसम्पन्न गरिसक्नु पर्नेछ । कुनै कारणवश तोकिएको समयमा आयोजना सम्पन्न  हुन नसके म्याद सकिनु १५ दिन अगावै सम्बन्धित प्राविधिकको सिफारिसमा निवेदन दिइ गा.पा बाट म्याद थप गराई सक्नु पर्नेछ ।

(१३) योजना सम्पन्न भएपछि अनुसुची (च) बमोजिम सार्वजनिकरण समेत गराई सोको विवरण गा.पामा पेश गनुपर्नेछ ।

(१४) योजनाको नियमित अनुगमनमा आउने प्राविधिकले दिएको सुझाव निर्देशन तथा निर्णयलाई लिपिबद्ध गरी रेर्कड राख्नुपर्नेछ । यसका लागि एक आयोजना पुस्तिका (रजिस्टर) राख्नुपर्नेछ ।प्राविधिकले दिएको सुझाव निदेशन तथा निर्णयलाई सम्झौताकै अंगको रुपमा ग्रहण गर्नुपर्नेछ ।

**वडा गाँउपालिकाको भुमिका**

(१) योजना संचालन गर्दा आवश्यक पर्ने सम्पुर्ण प्राविधिक सहयोग गा.पाले उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता समितिले रकम भुक्तानीका लागि रितपुर्वकको कागजात पेश गरेको तिन दिन भित्र रकम भुक्तानी दिनुपर्नेछ ।

(३) उपभोक्ता समितिको अनुरोध भई आएपछि समितिको नाममा खाता खोल्ने व्यवस्था मिलाइ दिनु पर्नेछ ।

(४) उपभोक्ता समितिलाई कार्य संचालन गर्दा समितिको काबु बाहिरको परिस्थितिबाट काम गर्न कठिनाई परेमा सो बाधा फुकाउन वडा/गा.पा बाट पहल गरिनेछ ।

(५) कार्य संचालनको सन्र्दभमा उपभोक्ता समितिले अन्य निकायबाट कुनै सहयोग प्राप्त गनुपर्ने भएमा त्यसका लागि वडा/गा.पाले पहल गर्नेछ ।

(६)सम्झौतामा तोकिएको अवधिमा कार्यसम्पन्न हुन नसक्ने नियन्त्रण बाहिरको स्थिती सृजना भई म्याद थप गनुपर्ने कारण देखाई प्राविधिकको सिफारिस सहित म्याद थपको मागभएमा आवश्यकता अनुसार १ पटकलाई म्याद थप गर्न सकिनेछ ।

**विविध**

(१) जुन कामका लागि रकम निकासा भएको हो सो कार्यमा खर्च नभई अन्य कार्यमा वा असम्बन्धित कार्यमा खर्च भएको पाईएमा त्यस्तो रकम समितिका पदाधिकारीहरबाट व्याज समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२)सम्झौता बमोजिम कार्य प्रगति नगर्ने उपभोक्ता समितिको कार्य रोक्का गरी उक्त योजनाका लागि विनियोजन भएको रकम अन्यत्र रकमान्तर गरिनेछ । त्यसता उपभोक्ता समितिमा पदाधिकारीलाई पुनः गा.पाबाट संचालन हुने योजनाको उपभोक्ता समितिमा रहन नदिईने व्यवस्था गरिनेछ ।

(३) सम्झौता अवधि अगावै तोकिएको गुणस्तर बमोजिम कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई प्रशंसा पत्र उपलब्ध गराईनेछ ।

(४)यस कार्यालयबाट संचालन हुने दुई भन्दा बढी आयोजनाको उपभोक्ता समितिको समितका नेतृत्व पदमा बसेको व्यक्ति नेतृत्व पदमा बस्न पाइने छैन । अन्य समितिको सदस्य पदमा रहन रोक्ने छैन ।

# अनुसुची (क)

# सम्झौता फारम

# बाहदशी गाउँपालिका

# चकचकी,झापा

# आयोजना सम्झौता फाराम

मिति :..............................

(१) सम्झौता गर्ने पक्षको विवरण :
(क) नाम ठेगाना : -

१. श्री बाहदशी गा.पा.................................

२.श्री

३. श्री

४.श्री
(ख) आयोजनाको विवरण :-
१.नाम :
२. ठेगाना :
३.उद्देश्य :
४. आयोजनाको स्वीकृत गर्ने निकाय :

(२)आयोजनाको लागत सम्बन्धी विवरण :-
(क) लागत अनुमान रु :-
(ख) लागत व्यहोर्ने स्रोतहरु :-
१. नेपाल सरकार ............................
२.प्रदेश सरकारबाट :....................................
३. गाउँपालिका बाट रु............................
४.उपभोक्ता समुहबाट रु ...........................
५.अन्यबाट रु................................
६. प्रशासनिक खर्च कट्टी रु ........................
जम्मा : -

(ग) निर्माण सामाग्री र श्रमः -
१.गाउँपालिका बाट
२.उपभोक्ता समितिबाट
३. अन्य

(घ) आयोजनाबाट लाभान्वित हुने : -

१.घरपरिवार संख्या :- दलित :- जनजाति आदिवासी :-

२.जनसंख्या :-

अन्य(वर्ग वा समुदाय )

(ङ) आयोजना कार्यान्वयन :-

१. उपभोक्ता समुह गठन गर्ने निकायको नाम र ठेगाना :-

२. उपभोक्ता समुह गठन भएको मिति : -

३. उपभोक्ता समुह गैर सरकारी संस्थाका पदाधिकारीको नामावली :-

| क.सं | पद | नाम थर | ठेगाना | मोवाइल नं/फोन नं |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | | | | |
| ४ | सहसचिब | | | |
| ५ | कोषाध्यक्ष | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |
| १२ | | | | |
| १३ | | | | |

## सम्झौता शर्तहरु

(१)आयोजना संचालन गर्ने निकायले रकम तथा निर्माण सामग्री जुन आयोजना र उद्देश्यको लागी प्राप्त गरेको हो । सोही आयोजनामा मात्र प्रयोग गर्नु पर्नेछ ।
(२) आयोजनाहरुको मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ ।
(३) आयोजना सम्पन्न भएपछि सम्बन्धित निकायबाट जाँच पास गरी फरकफराक लिनुपर्नेछ ।
(४) कानुनमा उल्लेख गरेको कुराहरु पालना गर्नु पर्नेछ ।
(५) नेपाल सरकारबाट लाग्ने कर दस्तुर कट्टा गरिनेछ साथै निर्णयानुसार कन्टेन्जेन्सी कट्टी गरिनेछ ।
(६)उपभोक्ता समितिको माइन्युट खाता तथा अन्य कागजात उपभोक्ता समिति आफैले सुरक्षित राखी कार्यालयले खोजेको बखत उपलब्ध गराउनु पर्नेछ ।
(१) योजना शुरु मिति
(२) योजना सम्पन्न मिति
(३) सम्झौता तोकिएको मितिभित्र काम पुरा नभए उपभोक्ता समुह जवाफदेही हुनु पर्नेछ ।
(७)माथि उल्लेख गरिए बमोजिमका सर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौ ।

ग.पाको तर्फबाट :-
नाम : -
दर्जा :-
सही :-

उपभोक्ता समहको तर्फबाट :-
अध्यक्ष :-
सही :-

द्रव्टव्य : -
सम्झौताका अन्य शर्तहरु आवश्यकता अनुसार सम्झौताका पक्षहरुले थप गर्न सक्नेछन् ।

# अनुसुची - (ख)
# कार्यादेश विवरण

श्री............................................

त्यस उपभोक्ता समिति र यस कार्यालय बीच ..................................योजनाको निर्माण तथा संचालनका लागि सम्झौताका निर्माण प्रारम्भ गर्नु पुर्व पुरा र्गनु पर्ने सम्पुर्ण शर्तहरु पुरा भई कार्य प्रारम्भ गर्न उपयुक्त समय समेत भएकोले यो कार्यादेश पाएको मितिले ७ दिनभित्र कार्य प्रारम्भ गरी निम्नानुसारको कार्य मिति....................................सम्ममा सम्पन्न गरी आवश्यक फरफारम समेत लिनु हुन अनुरोध गरिन्छ ।

| सि.नं | कामको विवरण | परिमाण | एकाई | गा.पाले व्यहोर्ने रकम |
| --- | --- | --- | --- | --- |

आदेश दिनेको
दस्तखत :-
नाम थर:-
दर्जा :-

मिति :-

# अनुसुची - (ग)
# उपभोक्ता समितिबाट निकासा माग गर्ने निवेदनको ढाँचा

श्री मान प्रमुख प्रशासकीय अधिकृत ज्यु
बाहदशी गाउँपालिका कार्यालय
चकचकी,झापा ।

विषयः - रकम निकासा बारे ।

त्यस कार्यालय र हामी बिच मिति मा भएको संझौताको सर्त बमोजिम हामीले संचालन गरेको योजनाको हाल सम्म देहाय बमोजिम कार्य प्रगती भएको छ । योजना संचालन गर्दा भएको देहाय बमोजिमको खर्चको बिल भरपाई समितिमा सुरक्षित राखी खर्चको विवरण समितिबाट प्रमाणित गराई खर्चको विवरण ,प्राविधिकको मुल्यांकन र समितिबाट भएको समिक्षा सहितको निर्णय समेत यसै साथ पेश गरेका छौ । हाल सम्म भएको कार्य मध्ये त्यहाँ बाट पाउनु पर्ने रकम रु भुक्तानी पाउन अनुरोध गर्दछौ ।

तपसिल
योजनाको नाम :
योजनाको स्थल :
हालसम्म भएको. खर्च
गा.पाको श्रोतबाट :
जनसहभागिता :
निर्माण सामाग्रीको मुल्य :
ज्यामी ज्याला :
औजारको भाडा :
अन्य खर्चः-
भएको खर्च जम्मा :
प्राविधिक बाट भएको मुल्यांकन रु
उपरोक्त व्यहोरा ठिक सांचो हो भनी प्रमाणित गर्ने

कोषाध्यक्ष सचिब अध्यक्ष

# अनुसुची - (घ)
# उपभोक्ता समितिबाट सम्झौता गर्ने आउदा दिने निवेदनको ढाँचा

श्री मान प्रमुख प्रशासकीय अधिकृत ज्यु
बाहदशी गाउँपालिका कार्यालय
चकचकी,झापा ।

विषयः - सम्झौता गर्न आएको  बारे ।

त्यस कार्यालयबाट हामीलाई आ.व.२०७  /०७ मा..............................................कार्यक्रम अर्न्तगत योजना संचालन हुने व्यहोरा जानकारी भई वडाका पदाधिकारीहरुको रोहवरमा आम उपभोक्ता भेला गराई उपभोक्ता समितिसमेत गठन गराएका छौ । उक्त योजना संचालन गर्न उपभोक्ता समितिको प्रतिनिधिको रुपमा मलाई मनोनयन गरिएको हुदा योजना सम्झौता गर्नका लागि निम्न कागजात सहित उपस्थित भएको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरु :

१. नागरिकताको प्रतिलिपी ।
२. उपभोक्ता समितिबाट योजना संचालन गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलीपी ।
३. वडा कार्यालयको सिफारिस ।
४. लागत अनुमान ।
५. योजना सुरु हुनु भन्दा अगाडीको हालै खिचेको फोटो ।

निवेदन
नाम थर : -
दस्तखत :-
उ.सको पद :-
मिति : -

# अनुसूची - 'ङ'
# सुचना पाटीको ढाँचा
# (२ x ३ फिट साइजमा )

| |
|---|
| आयोजनाको नाम :- |
| आयोजना संचालन भएको स्थान :- |
| आयोजनाको कुल लागत :- |
| लागत व्यहोर्ने श्रोत :- |
| नेपाल सरकार :- |
| प्रदेश सरकार :- |
| बाहदशी गा.पा :- |
| अन्य निकाय भए उल्लेख गर्ने :- |
| जनसहभागिता :- |
| उपभोक्ता समितिको जिम्मेवार पदाधिकारी :- |
| गुनासो सुन्ने अधिकारी :- |
| निर्माण कार्य सुरु हुने मिति :- |
| कार्यसम्पन्न हुने मिति :- |
| मुख्य कार्यको विवरण :- |

# अनुसुची - (च)
# आयोजना सम्पन्न भए पश्चात  गरिने सार्वजनिकरण ढाँचा

१. आयोजना /कार्यक्रमको नाम :

२. आयोजना स्थल/गा.पा                                        वार्ड
टोल /बस्ती

३. आयोजनाको स्वीकृत लागत
बेहोर्ने संस्था :
नेपाल सरकारः-
प्रदेश सरकार :-
बाहदशी गाउँपालिका :-
अन्य भए उल्लेख गर्ने :-
जनसहभागिता :-

४.आयोजनाको लाभान्वित घरधुरी
दलित          जनजाति/ आदिबासी                    अन्य
महिलालाई लक्षित कार्यक्रम भए महिला संख्या

५. उपभोक्ता समिति गठन मिति
६. उपभोक्ता समिति गठन विधि
७. आयोजना सम्पन्न पश्चात हस्तान्तरण सम्बन्धि व्यवस्था

८. मर्मत संभार सम्बन्धि व्यवस्था
९. उपभोक्ता समितिले प्राप्त गरेको किस्ता रकम र मिति
पहिलो किस्ता                         मिति :-
दोस्रो किस्ता                         मिति :-
तेस्रो किस्ता                         मिति : -
१०. उपभोक्ता समितिको सहभागिता
नगद
भौतिक सामग्री
श्रमदान
अन्य
११. उपभोक्ता समितीको व्यवस्थापन खर्च :-
१२.आयोजना  कार्यन्वयन सम्बन्धमा सम्बन्धित प्राविधिक /वडा/ गा.पा तथा अन्य निकायबाट दिइएका मुख्य सुझाव निर्देशन र पालनाको अवस्था
(क)
(ख)
(ग)

१३. आयोजना कार्यन्वयनमा देखापरेका प्रमुख गुनासा,कठिनाई र समाधानका लागि गरिएका प्रयासहरु :-

---

.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................
...........................................................................................................

१३. यस अघि गरिएका आम उपभोक्ता भेलाका मुख्य निर्णयहरु

.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................................
..............................................................................................................

आज मिति ................................ का दिन हामी यस बाहदशी गा.पा का जनप्रतिनिधि सहित........................... योजनाको विषयमा सार्वजनिकरण गर्न स्थानमा भेला भएका छौ । श्री...................................अध्यक्ष रहेको उपभोक्ता समितिले.................. योजनाको निर्माण कार्य सम्पन्न गरेको भनिएकोमा सो योजनामा भएको आम्दानी खर्च र हुनु पर्ने मुख्य कार्यको विषयमा समितिका श्री बाट हामीलाई जानकारी गराउने कार्य भएको छ । हामीले उपभोक्ता समिति र गा.पा बिच भएको सम्झौता र लागत अनुमानमा उल्लेख भएका विषयमा समेत जानकारी लिएका छौ । उपरोक्त कागजातहरुको आधारमा सम्पन्न भएको यस योजनाको विषयमा हामीले निम्ननुसार भएको पायौ ।

१.ल.ई.बमोजिमको रकम रु बाट सम्पुर्ण कार्य सम्झौतामा तोकिएको अवधिभित्रै पुरा भएको. छ ।
२.गा.पा बाट प्राप्त श्रोत साधनको सही उपयोग भएको छ ।
३. योजनाले हामी उपभोक्ताहरुलाई लक्षित उपलब्धी प्राप्त हुनेछ ।
४. सम्झौतामा उल्लेख भए बाहेकका कार्यमा प्राप्त रकम खर्च भएको छैन ।
५. माथि उल्लेखित प्रतिवेदन प्रति हाम्रो सहमती रहेको छ ।

**उपस्थित उपभोक्ताको विवरण :-**

| सि.नं | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

जनप्रतिनिधिको रोहवर

१.

२.

३.

४.

५.

६.

७.